२०७५, असार
शनिबार
१६

सधैं हिँडिरहेको बाटो अध्याँरोमा पनि हिँड्न सकिन्छ। नयाँ बाटो हिँड्दा उज्यालोमा पनि डर लाग्छ, कतै घुमाउरो छ कि, लडिन्छ कि भनेर।

# नेपाल

# विनियोजन विधेयक पारित

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रतिनिधिसभाको शुक्रबारको बैठकले विनियोजन विधेयक, २०७५ लाई बहुमतले पारित गरेको छ। बैठकमा अर्थमन्त्री डा. युवराज खतिवडाले उक्त विधेयकलाई पारित गरियोस् भनी प्रस्ताव गर्नुभएको थियो।

विनियोजन विधेयक, २०७५ लाई पारित गर्नुपूर्व सांसदहरूले विभिन्न मन्त्रालयअन्तर्गत विनियोजित रकममाथि राखेका २१ वटा खर्च कटौतीको प्रस्तावलाई बैठकको बहुमतले अस्वीकृत गरेको थियो।

त्यस्तै बैठकले 'आर्थिक विधेयक, २०७५', 'राष्ट्र ऋण उठाउने विधेयक, २०७५' तथा 'ऋण तथा जमानत (बाइसौं संशोधन) विधेयक, २०७५' लाई स्वीकृतसमेत गरेको छ। बैठकमा उक्त ३ वटा विधेयकमाथि विचार गरियोस् भनी अर्थमन्त्री डा. खतिवडाले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। ३ वटै विधेयकलाई बैठकको बहुमतले स्वीकृत गरेको हो।

प्रतिनिधिसभाको दोस्रो बैठकले 'राष्ट्रियसभा सदस्य निर्वाचन विधेयक, २०७५' तथा 'संघीय संसद्का महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी विधेयक, २०७५' लाई बहुमतले पारित गरेको छ।

२ विधेयकलाई पारित गरियोस् कानुनमन्त्री शेरबहादुर तामाङले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। बिहीबार संसद्मा प्रस्तुत दुवै विधेयकमाथि सदनमा दफावार छलफल भएको थियो। संशोधनलाई बैठकको बहुमतले अस्वीकृतसमेत गरेको थियो।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०७५ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय तथा राष्ट्रिय योजना आयोगको सचिवालयको सन्दर्भमा मन्त्रालयगत छलफलमा सांसदले उठाएका प्रश्नको प्रधानमन्त्री केपी शर्मा ओलीले जवाफ दिनुभएको थियो।

जेठ ३० गतेबाट संसद्मा विनियोजन विधेयकअन्तर्गत विभिन्न मन्त्रालयका विभिन्न शीर्षकमाथि छलफल गरेको थियो। छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रम शुक्रबार नै सकिएको थियो। सरकारले जेठ १५ गते आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गरेको थियो। प्रतिनिधिसभाको बैठक आइतबार बिहान ११ बजे बस्नेछ।

# सबै मन्त्रालयको काम प्रधानमन्त्री कार्यालयले अनुगमन गर्छ : *प्रम ओली*

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारका सबै मन्त्रालयका कामको अनुगमन प्रधानमन्त्री कार्यालयले गर्ने बताउनुभएको छ।

संघीय संसद्को शुक्रबारको बैठकमा प्रधानमन्त्री कार्यालय, योजना आयोग, राष्ट्रपति, उपराष्ट्रपति कार्यालयको बजेट विनियोजनका विषयमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

भ्रष्टाचार निर्मूल गरी सुशासनको अनुभूति दिलाउन प्रधानमन्त्री कार्यालयले अनुगमन गर्न लागेको बताउनुभएको हो। विकास निर्माणका कामलाई प्रभावकारी बनाउनका लागि योजना आयोगको पुनर्गठन गरिएको प्रधानमन्त्री ओलीले बताउनुभयो।

प्रधानमन्त्री कार्यालयमा धेरै बजेट राखियो भनेर गुनासो गर्नुको कुनै अर्थ नभएको प्रधानमन्त्री ओलीले बताउनुभयो। 'प्रधानमन्त्री कार्यालयमा भएको बजेट पुनर्निर्माण, प्राकृतिक प्रकोप उद्धारलगायत समेतको रहेकाले धेरै देखिएको हो' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

सरकार नयाँ ढंगले अघि बढेकाले मानिसलाई सरकारको चाल बुझ्न मुस्किल भएको प्रधानमन्त्री ओलीको भनाइ छ।



'सधैं हिँडिरहेको बाटो अध्याँरोमा पनि हिड्न सकिन्छ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'नयाँ बाटो हिँड्दा उज्यालोमा पनि डर लाग्छ। कतै घुमाउरो छ कि, लडिन्छ कि भनेर। अहिले सरकारका काम पनि त्यस्तै हो। नयाँ ढंगले काम अघि बढाउँदा के हुन्छ? कस्तो हुन्छ? भनेर अलमल परेको हो।'

लोकतन्त्र कसैले किस्तीमा उपहार दिएको नभई आफूहरूले संघर्ष गरेर ल्याएको हुनाले यसमा कसैलाई शंका नगर्न प्रधानमन्त्री ओलीले आश्वस्त पार्नुभएको छ। अधिनयाकवाद आउँछ भनेर केही मान्छेले नयाँ थेगोको विकास गरेको प्रधानमन्त्री ओलीले बताउनुभयो।

भूकम्पपछिको पुनर्निर्माणलाई गति दिन सरकार लागिपरेको प्रधानमन्त्री ओलीको भनाइ छ। 'पुनर्निर्माणका लागि नियुक्त गरिएको सीईओको ध्यान राजनीति र निर्वाचनमा रहेछ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'त्यसैले पुनर्निर्माणको काम अघि बढेन अब यसले गति पाँउछ।'

प्रधानमन्त्री ओलीले केही वर्षभित्र नेपालमा गरिबीको गीत गाउनुपर्ने दिनको अन्त्य हुने बताउनुभयो। 'अब गरिबी होइन, सुख र समृद्धिका उपयोग गर्ने दिन आउँछन्' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

अस्पतालभित्र नारा जुलुस गर्ने, अत्यावश्यक ठाउँमा हड्ताल गर्नेजस्ता कार्य सरकारका लागि सैहय नहुने बताउनुभएको छ। सरकारले वाक तथा प्रकाशन स्वतन्त्रतालाई लगाम नलगाउने प्रधानमन्त्री ओलीको भनाइ छ।

# मदन भण्डारी राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार गौतमलाई

**नेपाल समाचारपत्र**

काठमाडौं



यस वर्षको मदन भण्डारी राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार शिक्षा पत्रकार संजाल नेपाल (इजोन) का अध्यक्ष एवं नयाँ पत्रिकाका पत्रकार भवानीश्वर गौतमलाई प्रदान गरिएको छ। शिक्षा क्षेत्रको सुधारमा पत्रकारिताका माध्यमबाट उल्लेख्य कलम चलाएको भन्दै नयाँ पत्रिकाकर्मी भवानीश्वर गौतमलाई बिहीबार पुरस्कृत गरिएको हो। मदन भण्डारी मेमोरियल कलेजको १७औं वार्षिक उत्सवका अवसरमा गौतमलाई सम्मान गरिएको हो।

विश्वविद्यालय अनुदान आयोगका पूर्वअध्यक्ष प्राडा कमलकृष्ण जोशी संयोजक रहेको छनोट समितिले शिक्षा पत्रकार गौतमलाई सिफारिस गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले सामाजिक र आर्थिक रुपान्तरणका लागि कामले गरेर देखाउनुपर्ने अवस्था आएको बताउनुभयो।

यसअघि विभिन्न कारणले प्रदेश सरकारले काम गर्न नसकेको र अब गतिमा काम गर्नुपर्ने बताउनुभयो। उहाँले मदन भण्डारी मेमोरियल कलेजको आफ्नै अलग पहिचान हुनुपर्ने बताउनुभयो।

अन्य कलेजभन्दा अलग हुन सकेन भने यस्को गरिमा रहन्न, मदन भण्डारीको सपना पूरा गर्न कलेजको स्थापना गरिए पनि भण्डारीका सपना पूरा गर्न नसकिएको उहाँको भनाइ थियो।

कलेजका निमित्त क्याम्पस प्रमुख निरुजा फुयाँलले कलेजले गुणस्तरीय शिक्षाका लागि प्रतिबद्ध रहेको र त्यो विभिन्न नतिजाले त्यसको पुष्टिसमेत गरेको बताउनुभयो। सबैको सहयोगबाट कलेज चाँडै विश्वविद्यालयका रुपमा स्थापित हुने उहाँको भनाइ थियो।

## सुर्ती नियन्त्रणसम्बन्धी कानुन कार्यान्वयन गर्न जोड

काठमाडौं, (नेस)

नेपालमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न बनाइएको कानुनको कार्यान्वयन ज्यादै फितलो भएको सरोकारवालाले बताएका छन्। उनीहरूले बनाएका नीति कार्यान्वयन गरी जनधनको क्षति हुनबाट रोक्न सरकारसँग माग गरेका छन्। सञ्जीवनी हेल्थ मिडियाद्वारा राजधानीमा आयोजित सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुन विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै एक्सन नेपालका अध्यक्ष आनन्दबहादुर चन्दले वार्षिक २५ हजार बढी नेपालीको ज्यान लिने, त्यसको सेवनले लाग्ने रोगको उपचारमा अरबौं खर्च हुने सुर्तीजन्य पदार्थको सेवन दर घटाउन बनेका कानुनको राम्ररी कार्यान्वयन भयो भने पर्याप्त हुने बताउनुभयो।

उहाँले प्याकेटमा ९० प्रतिशत चित्र छाप्नुपर्ने, खुद्रा बिक्री गर्न नपाइने, विज्ञापन गर्न नपाइने, गर्भवती तथा १८ वर्ष मुनिका बालबालिकाले खरिद, बिक्री र प्रयोग गर्न नपाउनेजस्ता कानुनको राम्ररी कार्यान्वयन हुन सकेमा सेवन दर अटोमेटिक घट्ने धारणा व्यक्त गरे।

जिल्ला जनस्वास्थ्य कार्यालयका उपस्वास्थ्य प्रशासक डा. नरेन्द्रकुमार झाले सुर्तीजन्य पदार्थको सेवनकै कारण लाग्ने विभिन्न रोगको उपचारमा राज्यको अथाह लगानी भएको भन्दै नियन्त्रणका लागि सबै सरोकारवाला सचेत हुनुपर्ने बताउनुभयो।

**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि.सं. २०१३/१२/१३
स्व. सुदर्शन आचार्य
स्वर्गारोहणः वि.सं. २०७५/०३/०४

यस संस्थाका संस्थापक अध्यक्ष श्री सुदर्शन आचार्यको असामयिक निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि श्री रत्नचुडेश्वर महादेवसँग प्रार्थना गर्दछौं।

**श्री रत्नचुडेश्वर मन्दिर व्यवस्थापन समिति परिवार**
**बालाजु, काठमाडौं।**

**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि.सं. २०१३/१२/१३
स्व. सुदर्शन आचार्य
स्वर्गारोहणः वि.सं. २०७५/०३/०४

**यस समितिका उपाध्यक्ष तथा मृदुभाषी समाजसेवी श्री सुदर्शन आचार्यको असामयिक निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।**
**साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि श्री गुह्येश्वरी मातासँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**श्री पुरानो गुह्येश्वरी सुधार समिति परिवार**
**बालाजु, काठमाडौं।**

**प्रदेश सभा सचिवालय**
**प्रदेश नं. १**
**विराटनगर, नेपाल**
**दरभाउपत्र स्वीकृतिको सूचना**
**(सूचना प्रकाशित मितिः २०७५/३/१६)**

यस सचिवालयबाट मिति २०७५।२।२७ मा प्रकाशित दरभाउपत्रको सूचना अनुसार निम्नलिखित कार्यको लागि दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही रही न्यूनतम मूल्यांकित देहायको दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (५) बमोजिम मिति २०७५।३।१५ को निर्णयानुसार स्वीकृत गरिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै दरभाउपत्र स्वीकृत भएको दरभाउपत्रदाताले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (११) बमोजिम सात दिनभित्र खरिद सम्झौता गर्न आउनु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| सि.नं. | खरिद संकेत नं. | कार्यको विवरण | दरभाउपत्र स्वीकृत भएको दरभाउपत्रदाताको | |
|---|---|---|---|---|
| | | | नाम, ठेगाना | जम्मा कबोल अंक (भ्याट सहित) |
| १ | 06/SPA-2074/75 | जेनेरेटर आपूर्ति गर्ने कार्य | श्री अटोसप प्रा.लि., विराटनगर | रु. १४,६९,०००।- |

**नेपाल नागरिक उडड्यन प्राधिकरण**
**नेपालगन्ज नागरिक उडड्यन कार्यालय**
**राँझा, बाँके**

**गोप्य शिलबन्दी बोलपत्र लिलाम विक्री सम्बन्धी सूचना**

सूचना नं.०१/२०७४।०७५
प्रथम पटक प्रकाशित मिति २०७५।०३।१६

यस कार्यालयमा रहेका पुराना काम नलाग्ने बोलपत्र विवरणमा संलग्न भए बमोजिम न्युनतम मुल्य भ्याट समेत रु **२०३९८७७६ (अक्षरुपी दुई लाख तिन हजार नौ सय सतासी पैसा छैत्तर मात्र)** कायम भएका यान्त्रिक उपकरणहरु, पुराना प्रशासनिक एव् कार्यालयगत सामानहरु, टुटफुट औजार एवं कवाडी सामानहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गर्ने सम्बन्धमा ईच्छुक मू.अ करमा दर्ता भएका व्यक्ति, फर्म वा संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही रित पुर्वकको बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

१. लिलाम बिक्री सम्बन्धि बोलपत्र फाराम यस कार्यालयमा रु ११३०।– नगदै (पछि फिर्ता नहुने ) जम्मा गरी सो को भौचर र आवश्यक कागजात (आ.व.२०७३।७४ को कर चुक्ता, मू.अ.कर दर्ता, इजाजत पत्र)सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालय बाट खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ। बोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको पहिलो दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गराइसक्नु पर्ने छ। सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
२. बोलपत्र साथ आफुले कबोल गरेको रकम र त्यस वापत हुन आउने मु.अ.कर समेतको जम्मा १० प्रतिशतलेहुन आउने रकम यस कार्यायको नाममा NIC Asia बैंक नेपालगन्जमा रहेको धरौटी खाता नं. २०४१-०५० ९४१- ७५२-४०२ मा नगद जम्मा गरेको सककल भौचर पेश गर्नु पर्ने छ। स्वीकृत बोलपत्रदाताको बोल पत्र स्वीकृत
भएको मितिले ७ दिन भित्र मु.अ.कर सहितको रकम NIC Asia बैंक लि.नेपालगन्ज स्थित यस कार्यालयको कल खाता नं.२०४१-०५०९४१-७५२-४०३ मा नगद दाखिला गरी सक्कल बैंक भौचर सहित सम्झौता गर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफुले कबोल गरेको रकम प्रत्येक महलका लागि अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। शर्त सहितको रित नपुगेको र म्याद नाघि प्राप्त हुन आएको बोलपत्र अमान्य हुने भई सो उपर कुनै कारवाही गरिने छैन र यस सम्बन्धि कुनै जानकारी लिनु परेमा तथा लिलाम बिक्री हुने उपकरण र कार्यालय सामानहरु हेर्न चाहनेले कार्यालय समय भित्र सम्पर्क राखि हेर्न तथा बुझ्न सक्ने छ।
४. अन्य कुरा वोलपत्रमा उल्लेखित शर्त बमोजिम हुने छ।
५. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ, र यसमा नपरेका अन्य कुराहरु ने.ना.उ.प्रा.आ.प्र.नियमावली र नेपाल सरकारको प्रचलित ऐन नियम एवं सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**वृष** : राज्यभय, मान-प्रतिष्ठामा आँच आउने, तनाव बढ्नेछ।
**मिथुन** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**सिंह** : आर्थिक लाभ, प्रतिस्पर्धा वा परीक्षा, खेलकुद आदिमा विजय।
**कन्या** : बाथजन्य रोगको भय, कार्य असफल, शोक-सन्ताप।
**तुला** : पेट गडबड, विवाद, निरर्थक घुमफिर, दिनचर्या अस्तव्यस्त।
**वृश्चिक** : आर्थिक लाभ, पढाइ, जागिर, व्यापार आदिमा सफलता।
**धनु** : धनहानि, व्यर्थको खर्च, मन चञ्चल, आँखामा समस्या होला।
**मकर** : उपहार आदिको प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**कुम्भ** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मीन** : द्रव्यलाभ, विविध सेवा वा वस्तुको प्राप्ति, उत्तम भोजन प्राप्ति।